# घरधुरी, पसल,उद्योग, व्यवसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन सहितको एकिकृत फोहर व्यवस्थापन कार्यक्रम सम्बन्धी कार्य विवरण, २०८०

## १. पृष्ठभुमि

परापूर्व कालदेखि नै फोहरमैला मानव जीवनको रहन सहन र कृयाकलापसँगै उत्पन्न हुने नियमित र स्वभाविक प्रकृयाको रुपमा रहि आएको छ। घरगृहस्थी, कल कारखाना, स्कुल कलेज, कार्यालय, पसल गाउँशहर आदि जहाँ सुकैबाट भए पनि केही न केही फोहरमैला निस्किने गर्दछ। त्यस्तै स्वास्थ्य सेवा दिने स-साना स्वास्थ्य संस्था देखि ठूलठूला स्वास्थ्य संस्थाबाट फोहरमैला निस्किने गर्दछ । फोहरमैलाको मात्रा र प्रकृतीलाई हेरी फोहर मैला व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । स्वास्थ्य सेवा दिने क्रममा निस्कने फोहरमैलाबाट त्यसको सम्पर्कमा आउने स्वास्थ्यकर्मी, बिरामीहरु, बिरामीका कुरुवा वा परिवारका सदस्यहरु र आम जन समुदायलाई रोग सर्न सक्ने मात्र नभई यसले वातावरण प्रदूषित भै महामारी पनि फैलन सक्दछ। फोहरमैला भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको ठोस, तरल, ग्यास, लेदो धुवाँ, विकिरणयुक्त तत्व वा पदार्थ भन्ने बुझिन्छ। यस्ता पदार्थहरुको उचित व्यवस्थापन नहुँदा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पर्न जान्छ। नेपाल सरकारले सरसफाई गुरु योजना बनाई विभिन्न तहमा कार्यक्रमहरु संचालन गर्दै आएको छ।

मधेश प्रदेशको सर्लाही जिल्लामा अवस्थित माछा उत्पादन तथा अन्नको भण्डारको पहिचान बनाएको यस ईश्वरपुर नगरपालिका एउटा शान्त, प्रदुषणरहित, हरियालीयुक्त सुन्दर सहर हो। नेपाल सरकारको वि.सं. २०७१ बैशाख २५ गतेको निर्णयवाट साविक ईश्वरपुर, भक्तिपुर र बेला गाविसको भु-भागलाई समेटेर ईश्वरपुर नगरपालिकाको गठन भएको हो । वि.सं. २०७२ सालमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपश्चात स्थानीय तहको पुनःसंरचना हुँदा वि.सं. २०७३ साल फागुन २३ गते साविकका गौरीशंकर र कालिन्जोर गाविसको सर्म्पुण भुभागलाई समेटेर १५ वटा वडा सहित यसले पुर्णता प्राप्त गरेको छ। यो नगरपालिका मधेश प्रदेश अर्न्तगत पर्ने सर्लाही जिल्लाको सवैभन्दा ठुलो १६३.८३ वर्ग कि.मि. क्षेत्रफल भएको नगरपालिकामा २०७८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार १३७७६ घरधुरी र ६८६२६ जनसंख्या रहेको छ। मुख्यतः माछापालनको विस्तारित क्षेत्र र कृषि उपज उत्पादन तथा कृषिमा आधारित उद्योग यस नगरपालिकाको पेशागत व्यवसाय र पहिचान हो।

सरसफाईको हिसावले विशेषगरि बजार क्षेत्र रहेको वडा नं. ६, ७ मा तुलनात्मक हिसावले अन्य वडाहरुमा भन्दा बढी फोहर उत्सर्जन हुने गर्दछ। घर, पसल, उद्योग तथा होटलबाट निस्कने सवै प्रकारका फोहर एकै स्थानमा फ्याकिने अवस्था रहेको छ । घर, पसल, होटल तथा उद्योगबाट निस्कने फोहरलाई वर्गिकृत गरिने अवस्था नरहेको वर्तमान परिप्रेक्षमा यो कार्यक्रमको अवधारणा ल्याइएको हो। फोहरमैला व्यवस्थापनको एकिकृत अवधारणालाई 3R (Reduce, Reuse and Recycle Approach) को प्रकृया अनुसार फोहरको मात्रा घटाउने, फोहरको वर्गिकरण गरी पुनःप्रयोग, पुन चक्रियकरण प्रक्रियालाई व्यवसायीकरण गरी सेवाग्राहीमैत्री बनाउने तर्फ पहल गर्ने र फोहरजन्य पदार्थबाट सृजना हुने वातावरणीय दुष्प्रभाव कम गर्ने उद्देश्यले साझेदारी अवधारणा अनुसार ५ बर्षको कार्य गर्नको लागि यो कार्यशर्त विवरण तयार गरिएको छ।

## २. नगरपालिकाको सरसफाईको अवस्था :

- घरको फोहरलाई सडकमा अब्यवस्थित तरिकाले मिल्काउने ।
- निमार्णका लागि बालुवा, गिटी, तथा अन्य सामाग्री सडकमा खसाउने र सो कार्यवाट नाला जाम हुने गरेको छ ।
- घरबाट निस्कने वा पसलबाट निस्कने फोहरलाई घरमै वा पसलमा नै व्यवस्थित गरी राख्ने प्रबृति नभएको ।
- सडकमा, वन क्षेत्रमा, होटल तथा पसलका फोहरहरुलाई वेवारिसी अवस्थामा फ्याकिदिने गरिएको छ ।
- पान पसल, किराना पसल तथा अन्य पसलहरुले गुटका, पान पराग तथा प्लाष्टिक जन्य टुक्रा जथाभावी फ्याँक्ने प्रबृति रहेको ।
- नगरपालिकावासीमा सरसफाई सम्बन्धी जानकारी भएपनि घर सफा गर्ने तर त्यही फोहर सडकमा वा नजिकको खोला, खोल्सीमा फ्याँक्ने प्रचलन रहेको छ ।

## ३. कार्यक्रमको नाम :

फोहरजन्य पदार्थ वर्गिकरण, संकलन, ढुवानी तथा व्यवस्थापन कार्य

## ४. कार्यक्रम संचालन :

१५ वटै वडाहरुमा रहेका विशेषतः बजार क्षेत्र, स्वास्थ्य संस्था तथा विद्यालय क्षेत्रमा संकलित फोहरमैलाको ब्यवस्थापन तथा जनचेतना तथा फोहर ब्यवस्थापन (पहिलो बर्ष बजार क्षेत्र, दोस्रो बर्ष देखि सबै वडाहरुमा सेवाको पहुँच)

## ५. कार्यक्रमले समेटिने लक्षित समुह तथा सख्याः

नगरपालिकाको सबै १५ वडामा ५ बर्ष भित्र सेवा विस्तार गर्नु पर्ने

## ६. कार्यक्रमको उद्धेश्य :

- लक्षित गरिएका सबै घरधुरीबाट फोहरको वर्गीकरण तथा फोहरमैला ब्यवस्थापनको गर्ने
- घरबाट निस्कने फोहरलाई संकलन तथा निश्चित स्थानमा सही तरिकाले विसर्जन गर्ने
- फोहर विर्सजन गर्ने स्थानमा फोहरलाई जैविक तथा अजैविक फोहरको पुनप्रयोग गर्ने
- अन्तिम बिसर्जन केन्द्र संचालन तथा व्यवस्थापन गर्ने
- स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गर्ने
- जनचेतना अभिबृद्धि गर्ने गराउने ।

## ७. कार्यक्रमको कृयाकलाप तथा रणनीति

### ७.१ समन्वय, तालिम, अध्ययन तथा बैठक

कार्यक्रमको प्रारम्भमा नगरपालिकाका सर्म्पूण सदस्यहरुलाई एक दिने आधारभुत तालिम संचालन गर्नु पर्नेछ । नगरपालिका क्षेत्रमा रहेको सबै वडा तहमा फोहरको वर्गीकरण तथा फोहरमैलाको ब्यवस्थापनका लागि समन्वय गरी फोहर संकलन विधिको बारेमा जानकारी गराउनु पर्नेछ । नगरपालिका क्षेत्रमा रहेका सबै पसल, घर, उद्योग, संघ, संस्था, व्यापारी तथा सबै तह तथा तप्काका समुहमा फोहरको वर्गिकरण तथा फोहरमैलाको व्यवस्थापन बारेमा जानकारी गराउनु पर्नेछ ।

- १५ वटा वडाहरुमा सरसफाई सम्बन्धी आधारभुत तालिम संचालन गर्ने,
- त्रैमासिक रुपमा एक पटक बैठक बस्नु पर्ने,
- जनघनत्व बढी भएको स्थानमा जनचेतना कार्य गर्ने,
- सबै स्वास्थ्य संस्थाहरुको फोहर व्यवस्थापनको अवस्थाको प्रतिवेदन बनाउनु पर्नेछ ।
- बार्षिकरुपमा नगरपालिकाको फोहरमैलाको अवस्थाको प्रतिवेदन बुझाउनु पर्ने ।

## ७.२ फोहर संकलन कार्य

- घरधुरीले फोहरलाई वर्गिकरण गरि व्यवस्थित तरिकाले ब्यवस्थापन गराई कम्तीमा हप्ताको एक पटकको दरले फोहर संकलन गर्नु पर्नेछ । आवश्यकता अनुसार दैनिक संकलन गर्नु पर्नेछ ।
- फोहर संकलन गर्ने घरलाई सरसफाई कार्ड उपलब्ध गराउनु पर्नेछ ।
- नगरपालिकाका विभिन्न वडाहरुमा रहेका बजार क्षेत्र तथा स्वास्थ्य संस्थाहरु एवं विद्यालयहरुवाट संकलित फोहरमैलालाई नगरपालिकाले तोकेको स्थानमा महिनामा एक दुई पटकको दरले विसर्जन गर्नु पर्नेछ ।
- कुनै विशेष कार्यक्रम र समारोह भएको स्थानमा फोहोर संकलन गर्नु पर्नेछ ।

## ७.३ फोहर निस्काशन तथा संकलन प्रणालीमा सुधारः

**कार्ययोजनाः** हाल अभ्यासमा रहेको श्रोत वर्गिकरण बारमा आधारित संकलन प्रणालीलाई जन स्तरबाट शुरुवात गरी घरदैलो फोहर संकलन सेवालाई परिमार्जन गरी टोलस्तरमा निश्चित समय र दिन तोकी घरको फोहर संकलनको व्यवस्था गर्नु पर्ने छ ।

## ७.४. सडक सफाई, बजार सफाई फोहरजन्य वस्तुको ढुवानी प्रणालीमा सुधारः

मूख्य बजार क्षेत्र आसपासका क्षेत्रको सडक सफाईका लागि स्थानीय तहमा समन्वय गरी फोहर विर्सन स्थान छनौट गरी डस्टविन तथा पानीको बोतल विर्सजन केन्द्र राख्नु पर्ने छ । संकलित फोहर अन्तिम बिसर्जन केन्द्रसम्म ढुवानी र अन्तिम बिसर्जन गर्ने काम तथा सम्पूर्ण क्षेत्रको फोहरजन्य वस्तुको संकलन तथा ढुवानीको व्यवस्थापन कार्य गर्नु पर्ने छ । फोहर संकलनका लागि विहान ६ बजे देखि १२ बजे सम्म (आवश्यकता परेको बेला जुन सुकै बेला)

## ७.५. अन्तिम बिसर्जन केन्द्र संचालन तथा व्यवस्थापनमा सुधारः

संकलित फोहरलाई संकलन गरी पालिकाले तोकेको स्थानमा विसर्जन केन्द्रसम्म लाने र व्यवस्थित तरिकाले ढुवानी गर्नु पर्नेछ । उक्त स्थानमा संकलित गरीएको फोहरलाई वर्गिकरण गरी विक्री योग्यलाई विक्रि तथा नस्ट गर्ने फोहरलाई ब्यवस्थापन गर्नुपर्ने छ । अन्तिम विर्सजन केन्द्रमा केहि जनशक्तिहरु परिचालन गरी फोहरको सहि तरिकाले ब्यवस्थापन गर्ने योजना रहेको छ । अन्तिम विसर्जन केन्द्र निर्माण तथा उक्त केन्द्रलाई आवश्यक पर्ने औजार, ईन्धन तथा साधनको ब्यवस्था पालिकाले गर्ने छ ।

## ७.६ सेवाग्राही वर्गको चेतना तथा व्यवहार परिवर्तनका लागि क्षमता बिकास कार्यक्रम संचालनः

नगरपालिका र यस संस्थाको सहकार्यमा सेवाग्राही वर्गसंग सम्बन्धित टोल बिकास संस्था र विभिन्न प्रकारका समुहहरुलाई नियमित सरसफाई, सफाईमा आधारित उद्यम बिकास जस्ता फोहर घटाउने बिभिन्न बिधिहरु वारेमा चेतना तथा क्षमता अभिबृद्धिसंग सम्बन्धित कार्यक्रमहरु नियमित रुपमा संचालन गर्नु पर्नेछ । उपरोक्त वाहेक सडक, पेटी, खोला, नाला, वन जंगल जस्ता सार्वजनिक स्थानमा जथाभावी फालिने फोहरको अनुगमन र निगरानी तथा नियन्त्रण गर्ने जिम्मेवारी नगरपालिका तथा वडा समितिको कार्यालयको हुनेछ । यसका अतिरिक्त देहाय बमोजिमको काम यस संस्थाले गर्नु पर्नेछ :

- सेवा सर्वसुलभ बनाउन सम्पर्क कार्यालयलाई व्यवस्थित बनाउने,

- फोहर व्यवस्थापन सम्बन्धी जनचेतना जगाउन फोहर संकलनमा प्रयोग हुने ट्याक्टर तथा टिपर जस्ता उपकरणहरुमा सूचनामूलक सन्देशहरु राख्ने,
- कर्मचारीहरुलाई पनि सोही बमोजिमको पोशाक उपलव्ध गराउने,
- मूख्य बजार क्षेत्रमाफोहर व्यवस्थापनका विधिहरु लेखिएको पर्चा वितरण, होर्डिङ बोर्ड राख्ने,
- यस सम्बन्धी प्रचार सामाग्रीहरु संचार माध्यमबाट प्रचार प्रसार गर्ने,
- एकिकृत र दिगो फोहरमैला व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकाय, बिभिन्न पेशागत तथा व्यवसायिक संघसंस्थाहरु तथा टोलविकास संस्था र समुहहरुसंग सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी बनाईने,
- नगरपालिका क्षेत्र भित्र रहेका ठुला-ठुला फैक्ट्रीहरुसंग समन्वय गरी फोहर व्यवस्थापनका लागि पहल गरिने ।

## ८. सेवा शुल्क

सेवा शुल्कको सम्वन्धमा नगरसभावाट स्वीकृत आर्थिक ऐनमा तोकिएबमोजिमको दररेटमा वार्षिक तथा मासिक सेवा शुल्क साझेदार संस्थाले उठाउन पाउनेछ । आ.व. २०८०/०८१ को लागि स्वीकृत आर्थिक ऐन, २०८० मा तोकेवमोजिम देहायको शुल्क उठाउने छ ।

| क्र.सं. | विवरण |
|---|---|
| **१** | **घरको आधारमा लाग्ने** |
| १.१ | एकतला घरको मासिक रु. १००।०० वा वार्षिक रु. १०००।०० सरसफाई शुल्क लिने । |
| १.२ | दुईतला घरको मासिक रु. १२५।०० वा वार्षिक रु. १,१००।०० |
| १.३ | तिनतला घरको मासिक रु. १५०।०० वा वार्षिक रु. १,५००।०० |
| **२** | **व्यवसायमा लाग्ने** |
| २.१ | उद्योग, रिसोर्ट, ग्यारेज, अटो वर्कसप, निजी अस्पताल, नरसिङ्ग होम मासिक रु. ५००।०० वा बार्षिक रु. ५,०००।०० |
| २.२ | क, ख र ग श्रेणीको होटलको क्रमशः मासिक रु. ५५०।००, रु. ३५०।००, रु. २५०।०० वा बार्षिक एकमुष्ट बुझाएमा क्रमशः रु. ५०००।००, ३,५००।००, रु. २५००।०० |
| २.३ | थोक पसल, डिलर आदिमा मासिक रु. २५०।०० बार्षिक रु. २,५००।००बुझाएमा |
| २.४ | मध्यमस्तरका पसल, व्यवसाय आदिमा मासिक रु. २००।०० वा बार्षिक रु. २,०००।०० |
| २.५ | निम्न स्तरका व्यापार, व्यवसाय आदीमा मासिक रु. १००।०० बार्षिक रु. ७००।०० |
| २.६ | उद्योगहरु, गल्लागद्दी, मील र अन्य उद्योग-कपास पाउरोटी, कवाडी आदीमा मासिक रु. ३५०।०० वा बार्षिक रु. ३,०००।०० |
| २.७ | गल्लागद्दी, मील र अन्य उद्योग-कपास पाउरोटी कवाडी आदिमा मासिक रु. ३००।०० वा बार्षिक रु. २,५००।०० |
| २.८ | गाडीका अटो सो-रुम, ग्यारेज वर्कसपका लागि मासिक रु. ४००।०० वा बार्षिक रु. ३,५००।०० |
| २.९ | यस बाहेक अन्य उद्योग, प्रतिष्ठान, व्यापारिक भवन, विद्यालय, महाविद्यालय लगायतका अन्य सेवा प्रदायक संस्थाहरुको सेवा शुल्क नगर कार्यपालिकाले तोक अनुसार |

- उपरोक्त अनुसार संकलित रकम नगरपालिकाको राजस्व खातामा दाखिला गर्नु पर्नेछ ।

## ९. अनुगमनः :

प्रस्तावित कार्ययोजना अनुसार सरसफाई कार्यको कार्यान्वयनको अवस्था हेर्न साझेदार संस्थावाट पेश भएको कार्यतालिकाको आधारमा नियमितरुपमा अनुगमन हुनेछ र यस कार्यको लागि नगरपालिकाको फोहोरमैला व्यवस्थापन शाखा र सम्पर्क व्यक्तिवाट अनुगमन हुनेछ ।

## १०. कार्ययोजना तथा लक्ष्य :

प्रचलित फोहरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावली २०७० तथा वातावरणमैत्री स्थानीय शासन प्रारुप बमोजिम कार्ययोजना पेश गर्नु पर्ने छ । तपशिलका कृयाकलाप समावेश गरी योजना पेश गर्नु पर्नेछ ।

- कम्तीमा सबै वडास्तरमा आधारभुत तालिम
- नगरपालिको हालको सरसफाईको अवस्थाको प्रतिवेदन (अध्ययन)
- नगरपालिका तहमा रहेको सबै स्वास्थ्य संस्थाहरुको सरसफाईको अवस्थाको प्रतिवेदन
- नगरपालिका तहमा रहेको विद्यालयहरुको सरसफाईको अवस्थाको प्रतिवेदन
- फोहर संकलन र ढुवानीको कार्य योजना

## ११. नगरपालिकाको तर्फबाट गर्नुपर्ने नीतिगत व्यवस्था तथा अन्य सहयोगः

१. अन्तिम बिसर्जन केन्द्र तथा पुनः बर्गीकरण नमुना क्षेत्र निर्माण तथा निर्धारण गर्ने तथा सो स्थानसम्मको पहुच मार्गको व्यवस्था
२. फोहर व्यवस्थापन सम्वन्धी कार्य विवरण सहितको सम्पर्क व्यक्ति तोक्नेछ ।
३. सेवा प्रवाह प्रणालीमा आवद्ध गर्न नगरवासीहरुलाई कुनै सेवा प्रदान गर्दा वडा कार्यालय देखि नै सफाईकार्डको प्रतिलिपि पेश गर्नु पर्ने नीतिगत व्यवस्था
४. साझेदार संस्थालाई आवश्यकताको आधारमा क्षमता विकास तालिम अनुभव आदान प्रदान, अवलोकन भ्रमण लगायतको अवसर
५. मासिक शुल्क वा रकम उपलब्ध गराउने
६. फोहर ब्यवस्थापनका लागि फोहर विर्सजन केन्द्रको ब्यवस्था गर्ने
७. विसर्जन केन्द्रका लागि आवश्यक पर्ने औजार, ईन्धन तथा अन्य सामान उपल्बध गराउने ।
८. नियमित अनुगमन गर्ने ।
९. नगरपालिकाले शुल्क निधारर्ण गर्ने
१०. नगरपालिकाले कार्यपालिकाको बैठकबाट बर्गीकृत फोहर संकलन तथा ब्यवस्थाको निर्णय गर्ने

## १२. साझेदार संस्थाको जिम्मेवारी

- वडा तथा वस्तीतहमा जनचेतना कार्यक्रम,
- फोहर संकलन कार्य,
- फोहर ब्यवस्थापन कार्य,
- फोहर ब्यवस्थापनका लागि जनशक्ति ब्यवस्थापन तथा परिचालन,
- फोहर ब्यवस्थापनका लागि आवश्यक पर्ने सवारी सधान तथा औजारको ब्यवस्थापन,
- कर्मचारीहरुको विमा, पोशाक तथा अन्य सुविधा,
- नगरपालिकाले निर्णय अनुसार परिवार, पसलबाट शुल्क संकलन तथा ब्यवस्थापन,
- चौमासिक तथा बार्षिकरुपमा पालिकामा प्रतिवेदन प्रस्तुतीकरण,
- अन्य साझेदार संस्थाको खोजी कार्य,

## १३. बुझाउनु पर्ने कागजात

- संस्थाको परिचयात्मक विवरण कार्य ।
- संस्थाको संस्थागत (जनशक्ति, मेशिनरी साधन उपकरण तथा अन्य )
- प्रस्तावना र कार्ययोजना ।
- जनशक्तिको व्यक्तिगत विवरण ।
- कार्यअनुभवको प्रमाण ।
- नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता र नविकरण, पानको दर्ता प्रमाणपत्र, प्रचलित कानून बमोजिम सेवा संचालनको लागि अनुमति लिनु पर्ने भए सो को अनुमति पत्र र आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र जस्ता कागजातहरुको प्रमाणित प्रतिलिपि

## १४. लागत तथा जनसहभागिता

यस कार्यक्रमको लागि ५ बर्षको लागत सहभागिता तपसिल बमोजिमको हुनेछ। बार्षिक रुपमा नगरपालिकासंग माग गरिएको अनुदान रकम र सेवा शुल्कबाट बार्षिक उठाउन सक्ने रकमको प्रक्षेपण गरी बार्षिक आय र व्ययको अनुमान पेश गर्नु पर्नेछ । साथै नगरपालिकासंग माग गरिएको अनुदान रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ ।

| क्र.सं. | विवरण | ईकाई | परिमाण | महिना | दर (प्रति महिना) | जम्मा रकम प्रति महिना | जम्मा रकम प्रतिवर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | जनशक्ति | | | | | | |
| १.१ | सरसफाई सुपरभाइजर | संख्या | १ | १२ | | | |
| १.२ | सरसफाई शुल्क संकलक | संख्या | १ | १२ | | | |
| १.३ | सरसफाई कर्मचारी | संख्या | ५ | १२ | | | |
| १.४ | ट्रयाक्टर चालक | संख्या | १ | १२ | | | |
| २ | इन्धन | लि. | २०० | १२ | | | |
| ३ | सरसफाई सामाग्री | ल.स. | १ | १२ | | | |
| ४ | सरसफाई औजार | ल.स. | १ | १२ | | | |
| ५ | सवारी साधनको मर्मत | ल.स. | १ | १२ | | | |
| ६ | दुर्घटना विमा खर्च (जनशक्ति) वार्षिक | ल.स. | | | | | |
| ७ | विविध खर्च | ल.स. | १ | १२ | | | |
| जम्मा | | | | | | | |
| अन्य वडामा रहेका हाटबजार, स्वास्थ्य संस्था तथा विद्यालय क्षेत्रमा संकलित फोहरमैलाको व्यवस्थापन कार्यको लागि थप इन्धन खर्च | | ल.स. | १५० | १२ | | | |
| सरसफाई कर्मचारी | | संख्या | २ | १२ | | | |
| जम्मा | | | | | | | |
| मूल्य अभिवृद्धि कर इन्धन खर्चको रकममा वाहेक | | | | | | | |
| कुल जम्मा | | | | | | | |

## १५. छनौटका आधारहरु

प्राविधिक प्रस्तावमा सफल भएका प्रस्तावकको आर्थिक प्रस्ताव मूल्यांकन गरिनेछ।
प्राविधिक मूल्यांकनको भार ४० अंक (८० प्रतिशत)
आर्थिक प्रस्तावको मूल्यांकनको भार १० अंक (२० प्रतिशत)

**जम्मा ५० अंक**

### प्राविधिक मूल्यांकनको अंक भार

| | |
|---|---|
| १. प्रस्तावको लेखन तथा प्रस्तुतीकरण | १० अंक |
| २. कार्ययोजना | १० अंक |
| ३. प्रस्तावको कुल लागत रकमको शुल्क व्यवस्थापन कार्ययोजना अनुसार (दोस्रो वर्ष २५ प्रतिशत, तेस्रो वर्ष ५० प्रतिशत, चौथो वर्ष ७५ प्रतिशत र पाचौ वर्ष १०० प्रतिशत) | १० अंक |
| ४. जनशक्ति व्यवस्थापन र परिचालन तथा सरसफाई सम्वन्धी रणनीतिक योजना | १० अंक |
| **जम्मा** | **४० अंक** |

**प्राविधिक मूल्यांकनको उर्तिणांक** **२४ अंक (६० प्रतिशत)**